# *हामी* कवितामा अलङ्कार

सुभाषचन्द्र न्यौपाने*

Email: subashnenpane953@gmail.com

**लेखसार**

*प्रस्तुत अध्ययनमा कवि भूपि शेरचनको 'हामी' कवितालाई अलङ्कारका कोणबाट विश्लेषण गरिएको छ । काव्यसाहित्यको आस्वाद्य तत्त्वका रूपमा रहेको अलङ्कार पूर्वीय काव्यशास्त्रको पुरानो स्थापित मान्यता हो । कवि भूपि शेरचनको २०१७ सालमा लेखिएको र रूपरेखा पत्रिकामा प्रकाशित 'हामी' कविता पछि उनको 'घुम्ने मेचमाथि अन्धो मान्छे' (२०२६) कविता सङ्ग्रहमा सङ्कलित व्यङ्ग्यपूर्ण कविता हो । विभिन्न शैक्षिक तहका पाठ्यक्रममा समाविष्ट 'हामी' कवितामा केकस्ता अर्थालङ्कारहरूको प्रयोग किन र कसरी गरिएको छ भन्ने कुराको विश्लेषण यस लेखमा गरिएको छ । अलङ्कार प्रयोगकै कारण कवि भूपि शेरचनको समाजप्रतिको दृष्टिकोण केकसरी प्रकट भएको छ भन्ने कुराको निर्क्योल यस लेखमा गरिएको छ । प्रस्तुत लेख तयारीका क्रममा कवि भूपि शेरचनको 'हामी' कवितालाई प्राथमिक सामग्रीका रूपमा उपयोग गरिएको छ भने द्वितीयक सामग्रीका रूपमा कवि भूपि शेरचनको 'हामी' कविताका सन्दर्भमा प्रकाश पारी लेखिएका पुस्तक, पत्रपत्रिका, शोधप्रबन्ध तथा अलङ्कार सिद्धान्तसँग सम्बन्धित संस्कृत ग्रन्थहरूको उपयोग गरिएको छ । कविताको अलङ्कारपरक विश्लेषणका क्रममा वर्णनात्मक, व्याख्यात्मक र विश्लेषणात्मकविधिको प्रयोग गरी अलङ्कार प्रयोगकै कारण 'हामी' कविता केकस्तो कलात्मक, काव्यिक, गम्भीर र आस्वादनयुक्त बन्नपुगेको छ भन्ने कुरा अर्थापनविधिमार्फत स्पष्ट पारिएको छ ।*

शब्दकुन्जी : अलङ्कार, आस्वाद्य, व्यङ्ग्यात्मक, प्रतीकात्मक, गूढार्थ



* उपप्राध्यापक : त्रि.वि. (महेन्द्र बहुमुखी क्याम्पस, धरान)

# RHETORICS IN THE POEM *HAAMI*

***Subash Chandra Neupane***

## Abstract

*In the present study, poet Bhupi Sherchan's poem 'Haami' has been analyzed from the angle of rhetoric. Rhetoric as an enjoyable element of poetry is an old established belief of Eastern poetry. Poet Bhupi Sherchan's poem 'Hami', written in 2017 and published in Ruprekha magazine, is a satirical poem compiled in his collection of poems Ghumne Mechmathi Andhomanchhe (2026). This article analyzes why and how allusions are used in the poem which is included in the curriculum of different educational levels. In this article, it has been revealed that the attitude of the poet Bhupi Sherchan towards the society has been revealed due to the use of rhetoric. Poet Bhupi Sherchan's poem 'Haami' has been used as primary material in the preparation of the present article while books, journals, dissertations and Sanskrit texts related to rhetorical theory have been used in the context of Bhupi Sherchan's poem 'Haami' as secondary material. In the course of rhetorical analysis of poetry, it has been made clear through the interpretation method how the poem 'Hami' has become artistic, poetic, serious and tasteful due to the use of rhetoric using descriptive, explanatory and analytical methods.*

Keywords: metaphorical, palatable, satirical, symbolic, esoteric

### विषयपरिचय

'हामी' कविताका स्रष्टा कवि भूपि शेरचन (१९९२-२०४६) ले नेपाली साहित्यमा फुटकर कविता र नाटकको रचना गरेका छन् । नाटक र कवितामध्ये उनको लोकप्रिय विधा भने कविता नै हो र यसै विधाबाट उनी स्थापित पनि भएका छन् । गोपालप्रसाद रिमालले प्रारम्भ गरेको नेपाली गद्यकविताको गुणात्मक विकासमा कवि शेरचनको महत्त्वपूर्ण योगदान रहेको पाइन्छ । कवि भूपि शेरचनका *परिवर्तन* (२०१०) नाटक तथा *नयाँ  याउरे* (२०११), *निर्झर* (२०१५) र *घुम्ने मेचमाथि अन्धो मान्छे* (२०२६) कविता सङ्ग्रहहरू प्रकाशित भएका छन् ।

आधुनिक नेपाली कविताको स्वच्छन्दतावादी-प्रगतिवादी भावधारामा कलम चलाउने कवि भूपि शेरचनलाई सशक्त व्यङ्ग्य कविका रूपमा लिइन्छ । व्यक्ति र समाजका खराब प्रवृत्तिहरूप्रति तीव्र र सटिक व्यङ्ग्य गर्नु कवि भूपिका कविताको विशेषता हो । समाज परिवर्तनको चाहना राख्दै समतामूलक समाज निर्माणको सन्देश उनका कवितामा प्रस्तुत गरिएको हुन्छ । मानवीय अस्तित्व र अस्मिताको खोज गर्दै युगीन जीवनका राष्ट्रिय र अन्तर्राष्ट्रिय आलोकमा तिनको सूक्ष्म अन्वेषण गर्नु, स्वतन्त्रता, समानता, विश्वबन्धुत्व र मानवतावादी चिन्तन प्रस्तुत गर्नु, समसामयिक युगजीवनका सामाजिक, आर्थिक, राजनैतिक, प्रशासनिक, सांस्कृतिक आदि विविध पक्षमा देखापरेका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गर्नु कवि भूपिका कवितात्मक

मूल प्रवृत्ति हुन् । प्रस्तुत लेखमा नेपाली समाजको पराजित मानसिकता र पराश्रित जीवन भोगाइप्रति व्यङ्ग्य प्रहार गरी लेखिएको 'हामी' कवितामा केकस्ता अर्थालङ्कारको प्रयोग किन र कसरी गरिएको छ भन्ने कुराको विश्लेषण गरिएको छ ।

## अलङ्कारविधानको तात्पर्य

'हामी' कविताभित्र विभिन्न अलङ्कारहरूको संयोजन गरेर कविताको कथ्यलाई बढी प्रभावकारी र आस्वाद्य तुल्याइएको छ । प्रस्तुत कवितामा प्रयुक्त अलङ्कारहरू विभिन्न वर्गमूलका छन् । तिनको शास्त्रीय वर्गीकरणअनुसार प्रस्तुत कवितामा साधर्म्यमूलक वर्गका रूपक, उपमा तथा विरोधविच्छित्तिमूलक वर्गका विषम, असङ्गति र विरोधाभास अलङ्कारको प्रयोग गरिएको छ । अर्थालङ्कारको यस किसिमको प्रयोगले यो कविता एकातिर भावप्रवल बनेको छ  भने अर्कातिर कविको कथ्यलाई बढी अर्थपूर्ण र गम्भीर बनाइएको पाइन्छ । प्रस्तुत कवितामा माथि उल्लेख गरिएका अलङ्कारहरूको संयोजन केकसरी गरिएको छ र यी अलङ्कारहरूको प्रयोगबाट कविताको कथ्य अर्थको अभिव्यक्तिमा केकस्तो गम्भीरता प्रकट भएको छ र कवितामा कलात्मक सौन्दर्य कसरी प्रकट हुनपुगेको छ भन्ने कुराको विश्लेषण नै अलङ्कारविधान हो ।

## समस्या तथा उद्देश्य

कवि भूपि शेरचनको 'हामी' कवितालाई विभिन्न कोणबाट अध्ययन गर्नसकिन्छ । कवितालाई सौन्दर्यपूर्ण बनाउँदै आस्वाद्य तुल्याउने पूर्वीय काव्यशास्त्रमा स्थापित अनेक तत्त्वहरूमध्ये अलङ्कार पनि एक हो । अलङ्कारकै कारण कविताको कथ्य अर्थ तीव्र प्रभावकारी, काव्यात्मक र आकर्षणयुक्त हुनेहुनाले 'हामी' कविताको अलङ्कारपरक विश्लेषण गरिएको हो । प्रस्तुत 'हामी' कवितालाई अलङ्कारका कोणबाट विश्लेषण गर्दा 'हामी' कवितामा केकस्ता अर्थालङ्कारको प्रयोग किन र कसरी गरिएको छ ? भन्ने समस्यामा केन्द्रित रही यो लेख तयार पारिएको छ । समस्याकथनमा उठाइएको प्राज्ञिक प्रश्नको समाधान खोज्नु नै प्रस्तुत अध्ययनको मुख्य उद्देश्य हो । प्रस्तुत अध्ययनको उद्देश्य 'हामी' कवितामा प्रयुक्त अलङ्कारको विश्लेषण गर्नु रहेको छ ।

## अलङ्कारको सैद्धान्तिक विमर्श

काव्यलाई सौन्दर्यपूर्ण बनाउने तत्त्वका रूपमा संस्कृत काव्यशास्त्रमा अलङ्कारलाई चिनाइएको पाइन्छ । प्रारम्भमा काव्यशास्त्रको नाम नै अलङ्कारशास्त्र रहेको देखिन्छ । अलङ्कारवादी काव्यशास्त्रीहरूका अनुसार काव्यमा आउने रस, गुण, ध्वनि आदि सबै अलङ्कारभित्रै अन्तर्भाव हुन्छन् । अलङ्कार सम्प्रदायको स्थापना भामहबाट भएको मानिन्छ । भामहले आफ्नो *काव्यालङ्कार* नामक लाक्षणिक ग्रन्थमा नारीको मुख सुन्दर भए पनि अलङ्कार आभूषणद्वारा आभूषित छैन भने त्यसलाई राम्रो मानिँदैन भनेका छन् भने शब्दका आधारमा गरिने वक्रोक्तिपूर्ण अभिव्यक्तिलाई अलङ्कार मानेका छन् (ई.१९३८, पृ.१७) । दण्डीले अलङ्कारलाई काव्यशोभाकारक धर्मका रूपमा लिएको देखिन्छ । उनले काव्यशोभाकारक धर्म नै अलङ्कार हुन् र ती आज पनि विविध रूपबाट उद्भावित हुँदै छन् भनेका छन् (२०६१, पृ.११७) । भामह र दण्डीका यी भनाइबाट अलङ्कारले काव्यलाई सौन्दर्यपूर्ण बनाउने हुनाले यिनीहरूकै आधारमा काव्यसाहित्य ग्रहणीय हुने कुरा उल्लेख भएको पाइन्छ । रीतिवादी आचार्य वामनद्वारा आफ्नो लाक्षणिक ग्रन्थ *काव्यालङ्कारसूत्र*मार्फत् सौन्दर्यलाई नै अलङ्कार स्विकार्दै काव्यलाई अलङ्कारले नै ग्रहणीय बनाउने कुरा उल्लेख गरिएको पाइन्छ । साथै उनले गुणविशिष्ट पदरचनालाई काव्यको आत्मा मानेका छन् भने गुणद्वारा उत्पन्न शोभालाई उत्कर्षता प्रदान गर्ने साधनका रूपमा अलङ्कारको चर्चा गरेका छन् (२०४७, पृ.३) । ध्वनिवादी आनन्दवर्धनले ध्वनिलाई काव्यको आत्माका रूपमा स्विकार्दै अलङ्कारलाई लौकिक आभूषण झैं अङ्गी (रस) को सौन्दर्यको साधन मानेको पाइन्छ (ई.१९४०, पृ.९) । रसवादी आचार्य मम्मटले *काव्यप्रकाश*मा अङ्ग (शब्द र अर्थ) द्वारा अङ्गी (रस) को उपकार

(सौन्दर्यवर्धन) गर्ने अनुप्रास, उपमा आदि अलङ्कार हुन् र ती हार जस्तै आभूषण हुन् भन्ने कुरा उल्लेख गरेका छन् (ई.१९८०,पृ.४०९) । अर्का रसवादी आचार्य विश्वनाथले *साहित्यदर्पण*मा काव्यसौन्दर्यलाई उत्कर्षता प्रदान गर्ने रस, भाव आदिका उपकारक शब्द र अर्थका अस्थिर धर्म नै अलङ्कार हुन् भन्दै मानिसका लागि हार आदि अलङ्कार भए जस्तै काव्यका लागि उपमा आदि अलङ्कार हुन् भन्ने कुरा उल्लेख गरेको पाइन्छ (ई. १९७७, पृ.२७३) । यसरी हेर्दा अलङ्कार काव्यसाहित्यलाई आस्वादनीय, अर्थपूर्ण, गरिमायुक्त र आकर्षक बनाउने महत्त्वपूर्ण तत्त्व हुन् भन्न सकिन्छ ।

अलङ्कारको परिचय तथा स्वरूपका सन्दर्भमा माथि प्रस्तुत गरिएका अलङ्कारवादी प्रमुख अवधारणाहरूलाई हेर्दा अलङ्कारवादी आचार्यहरूले अलङ्कारलाई काव्यको प्राण तत्त्वका रूपमा लिएर सौन्दर्यलाई नै अलङ्कार मानेको पाइन्छ भने उनीहरूले अलङ्कारकै कारण काव्य ग्रहणीय हुन्छ भनेर अलङ्कारलाई विशिष्ट स्वरूप प्रदान गरेको देखिन्छ । ध्वनिवादी आचार्य आनन्दवर्धन र रसवादी आचार्यहरू मम्मट तथा विश्वनाथले भने अलङ्कारलाई विशेष महत्त्व नदिए पनि रसध्वनिको सौन्दर्य अभिवृद्धि गर्ने धर्मका रूपमा भने अलङ्कारलाई स्वीकार गरेकै  पाइन्छ । अलङ्कारले काव्यसाहित्यमा निहित रसध्वनिको उपकार गर्छ र काव्यसौन्दर्यको वृद्धि गर्छ भन्ने रसध्वनिवादीहरूको विचार रहेको पाइन्छ ।

## हामी कविताको आलङ्कारपरक विश्लेषण

नेपाली समाजको पराधीनता, आश्रित र परनिर्भर प्रवृत्ति, दास मनोवृत्ति, निस्क्रियता, खोक्रो अहम् आदि प्रस्तुत गर्नका लागि कवि भूपि शेरचनको 'हामी' कवितामा विभिन्न अर्थालङ्कारहरूको प्रयोग गरिएको देखिन्छ । यस कवितामा व्यक्त कथ्य अर्थलाई व्यङ्ग्यात्मक, व्यञ्जनात्मक र भावपूर्ण तुल्याउनका लागि रूपक, उपमा, विषम, असङ्गति, विरोधाभास अलङ्कारको प्रयोग गरिएको पाइन्छ । यस कवितामा प्रयुक्त अलङ्कारहरूले कविताको कथ्य अर्थमा पारेको चामत्कारिक अभिव्यक्तिलाई क्रमशः विश्लेषण गरिएको छ ।

## रूपक अलङ्कार

उपमान र उपमेयका बीचमा एकरूपता स्थापित गर्नका लागि अभेद सम्बन्ध देखाउँदा रूपक अलङ्कार हुन्छ । सर्वप्रथम आचार्य भरतबाट केही क्लिष्ट ढङ्गले यसको परिभाषा गर्ने काम गरिएको भए पनि यसको स्पष्ट परिभाषा भने भामहले गरेका छन् । उनी गुणसाम्यका आधारमा उपमेयमा उपमानको अभेद आरोप नै रूपक अलङ्कार हो भन्छन् (ई.१९३८, पृ.१०) । यस अलङ्कारमा एउटा वस्तुका रूपको आरोप अर्को वस्तुमा गरिन्छ र वस्तुका गुण, स्वभाव आदिको उद्‌घाटन हुन्छ ।

कवि भूपि शेरचनको 'हामी' कविताका विभिन्न गद्यांशहरूमा रूपक अलङ्कारको प्रयोग भएको पाइन्छ । नेपालीहरूलाई विभिन्न निस्क्रिय र पराश्रित प्राणीका रूपमा अर्थ्याउनका लागि यस कविताका निम्नलिखित गद्यांशहरूमा रूपक अलङ्कारको प्रयोग गरिएको देखिन्छ :

हामी जतिसुकै माथि उठौं
जतिसुकै यताउति दगुरौं
जतिसुकै ठूलो स्वरमा गर्जौं
तर हामी फगत पानीका थोपा हौं
हामी लिलिपुटका मानव हौं
हामी लघुमानव हौं
हामी टुटेका फुटेका
पुरानो क्यारमबोर्डका गोटी हौं

हामी वीर हौँ
तर बुद्धु हौँ
हामी महाभारतको कथामा वर्णित एकलव्य हौँ ।

प्रस्तुत हरफहरूमा हामी सम्पूर्ण नेपालीहरूको स्वाभिमानविनाको अहङ्कार, आफ्नो अस्तित्वविनाको पहिचान र मूर्खता प्रस्तुत गर्नका लागि रूपक अलङ्कारको प्रयोग भएको पाइन्छ । यहाँ हामी नेपालीको अस्तित्वलाई पानीको कमजोर थोपाका रूपमा, लिलिपुटका क्षुद्र मानवका रूपमा, क्यारमबोर्डका गोटीका रूपमा र वीर भइकन पनि त्यसको प्रदर्शन गर्न नसक्ने मूर्ख बुद्धुका रूपमा आरोप गरिएको छ । यसरी नेपालीहरूलाई विभिन्न कमजोर वस्तुका रूपमा आरोप गर्नुको कारण नेपालीहरूको अस्तित्व केवल पानीको थोपाजस्तो कमजोर, नाशवान र अर्थहीन रहेको छ भन्ने अर्थ व्यञ्जित गर्नु नै हो । लिलिपुटका मानवका रूपमा हामी नेपालीहरूलाई आरोप गर्नुको कारण हामी कसैको प्रगति र उन्नतिमा ईर्ष्या गर्छौं र उसलाई समाप्त पार्ने प्रयासमा लाग्छौं तर केही नलागेपछि उसैलाई देवताका रूपमा पूजा गर्नथाल्छौं, त्यसैले हामी कति मूर्खतापूर्ण निरर्थक जीवन व्यतीत गरिरहेका छौं भन्ने अर्थ अभिव्यञ्जित गर्नु हो । पाश्चात्य सभ्यताको यो मिथकमा मानव ससाना किराहरूसरह एक आपसमा टोकाटोक गर्ने, ससाना कुरामा पनि झगडा गर्ने र कुनै सग्लो मानिस देख्ता पहिले त्यसलाई चिथोर्ने, टोक्ने, हतियार प्रयोग गरी आक्रमण गर्ने र अन्त्यमा जित्न नसकेर उसकै शरणमा पुगेर भगवान्का रूपमा पुज्ने प्रवृत्तिले हाम्रो कमजोर मानसिकताको अभिव्यञ्जना भएको छ । क्यारमबोर्डका गोटीलाई स्टाइकरले मात्र सञ्चालन गर्ने हुनाले गोटीको कुनै अस्तित्व नभएजस्तै हामी नेपालीहरूको पनि कुनै आफ्नो पहिचानसहितको अस्तित्व छैन । हामीलाई पनि कसैले अन्तैबाट सञ्चालन गरिरहेको छ । हामी आफू सुखी कहिल्यै मिल्न सकेका छैनौँ, हामीलाई अर्कैले मिलाइदिनु परिरहेको छ । हामी कहिल्यै आफैँ अगाडि बढ्न सकेका छैनौँ, कसैले पछाडिबाट थकेल्नु परेको छ । हामीमा वीर भइकन पनि मूर्ख बनी अर्काको इसारामा नाच्ने प्रवृत्ति छ । यहाँ नेपाली राजनैतिक व्यक्तिहरूको पराश्रित मानसिकता र विदेशीलाई प्रभु मानेर उसैको इसारामा चल्ने प्रवृत्तिलाई सशक्त रूपमा व्यङ्ग्य गरिएको छ । त्यसर्थ रूपक अलङ्कारको प्रयोगले नेपाली समाजका गलत प्रवृत्तिहरू र विदेशीको इसारामा चल्ने र राजनीति गर्ने व्यक्तिहरूको व्यवहारलाई यथार्थ रूपमा प्रस्तुत गरेको छ । हामी नेपालीहरू आफू परिश्रम र मेहनत गर्छौं तर त्यसको फल अर्कैले भोगिरहेको हुनाले सच्चा कर्मशील नेपालीहरूले कर्मअनुसारको फल प्राप्त गर्न नसकेको कटु यथार्थलाई एकलव्यको रूपकद्वारा पुष्टि गरिएको छ ।

**उपमा अलङ्कार**

कुनै दुई पदार्थका बीच सामीप्यका आधारमा समानतालाई दाँज्नु उपमाको शाब्दिक अर्थ हो । कुनै दुई तत्त्वका बीचमा रहेको सादृश्यलाई प्राथमिकताका साथ उपमेय र उपमान धर्मको समानतामा केन्द्रित हुनु यसको उपलब्धि हो । उपमानमा दुई पदार्थका बीचको सादृश्यलाई प्राथमिकता दिइने हुँदा उपमेय र उपमानमा समानता हुनु आवश्यक मानिन्छ तर यी दुई भिन्नाभिन्नै पदार्थहरू कहिल्यै पूर्णतः समान सादृश्यका नहुने हुँदा अल्पसाम्य भए पनि दुवैका बीचमा आकर्षक, चमत्कारपूर्ण सादृश्य चाहिँ हुनै पर्दछ र वाच्यकै माध्यमबाट एउटै वाक्यमा साम्यकथन गरिनुपर्दछ ।

कवि भूपि शेरचनको 'हामी' कविताका विभिन्न गद्यांशहरूमा उपमा अलङ्कारको प्रयोग गरिएको पाइन्छ । नेपालीहरूको स्वाभिमान, आवाज, लक्ष्य आदिप्रति व्यङ्ग्य प्रहार गर्नका लागि यस कविताका निम्नलिखित गद्यांशहरूमा उपमा अलङ्कारको प्रयोग गरिएको पाइन्छ :

पालिएका कुकुर

यालबाट गल्लीका कुकुरहरूलाई देखेर भुकेझैँ
हामी भुक्तछौँ
जब कुनै सामान्य मानिस
कथामा वर्णित गुलिभरझैँ
आई पल्टन्छ हाम्रो आस्थाको द्वीपमा
हामी छक्क परेर उसलाई हेर्छौं ।

प्रस्तुत हरफहरूमा नेपालीहरूको कायरपन प्रस्तुत गर्नका लागि हाम्रो आवाजलाई कुकुरको भुकाइको उपमान दिइएको छ भने हाम्रो अज्ञानता प्रस्तुत गर्नका लागि हामीलाई गुलिभरसँग तुलना गरिएको छ । जसरी गल्लीका अन्य कुकुरहरूलाई खेदेर कोठाभित्रको यालबाट पालिएको कमजोर कुकुर भुक्छ तर त्यो गल्लीमा निस्कन सक्दैन, त्यस्तै हामी पनि कायर भई घरभित्रै लुकेर ठूलठूलो आजावमा कराइरहेका हुन्छौँ । बाहिर निस्कन सक्दैनौँ । कोठाभित्रै पालिएका कुकुर र हामी नेपालीहरूको गर्जनमा समानता भएकाले हामी तिनै लुकीलुकी भुक्ने कुकुरभन्दा बढी महत्त्वका छैनौँ भन्ने कुरा प्रस्तुत गरिएको छ । केही गर्न पनि नसक्ने तर बोल्न पनि नछोड्ने नेपाली समाजको वास्तविकतालाई उपमा अलङ्कारका माध्यमबाट अभिव्यक्त गरिएको छ । त्यस्तै कोही मानिस हामीभन्दा अलिक अगाडि बढेर प्रगति र उन्नति गर्दै गरेको देखेर हामीमा ईर्ष्याको भावना विकसित हुने र त्यसको प्रगतिमा बाधा पुऱ्याउन हामीले गरेका अनेक कुत्सित कार्य प्रदर्शन गर्नका लागि पाश्चात्य मिथकको गुलिभरसँग हाम्रो तुलना गरिएको छ । गुलिभरझैँ हामी पनि सामान्य मानवका प्रगतिमा बाधक बन्ने प्रयास गर्छौं तर केही नलागेपछि उसैलाई भगवान्का रूपमा पूजा गर्नथाल्छौँ । यही नेपाली समाजको वास्तविकतालाई व्यङ्ग्य गर्नका लागि उपमा अलङ्कारको प्रयोग भएको पाइन्छ ।

## विषय अलङ्कार

दुईटा साह्रै नमिल्दा अवस्थाको मिलन भयो वा केही काम गर्न थाल्दा त्यसको विपरीत कार्य भयो भने विषम अलङ्कार हुन्छ । आचार्य रुद्रटद्वारा सर्वप्रथम निरूपित यस अलङ्कारका सम्बन्धमा आचार्य मम्मटले व्यवस्थित रूपमा चर्चा गरेका छन् । उनले वैसादृश्यमा सम्बन्ध स्थापित हुँदा, कर्तालाई क्रियाको फल प्राप्त नभई अनिष्टता समेत प्राप्त हुँदा, कार्यका गुणबाट कारणको गुण विरुद्ध फल प्राप्ति हुँदा विषम अलङ्कार हुन्छ भनेका छन् (ई.१९८०, पृ.४७९) । यस आधारमा हेर्दा असम्बन्धित पदमा सम्बन्धको कल्पना गर्दा असङ्गति अलङ्कार हुन्छ भन्ने देखिन्छ ।

कवि भूपि शेरचनको 'हामी' कविताका विभिन्न गद्यांशहरूमा विषम अलङ्कारको प्रयोग भएको पाइन्छ । हाम्रो समाजमा निरन्तर परिश्रम गरी सत्कर्ममा अभिप्रेरित हुने एक किसिमका लगनशील स्वभाव भएका सोझा जनताहरूलाई विभिन्न छलकपटद्वारा ठग्ने र उनीहरूको परिश्रमको फल भोग्न तत्पर दुष्टकहरूको चरित्रलाई उदाङ्गो पार्ने क्रममा प्रस्तुत निम्नलिखित गद्यांशहरूमा विषम अलङ्कारको प्रयोग भएको पाइन्छ :

हामी महाभारतको कथामा वर्णित एकलव्य हौँ
निरन्तर धनुर्विद्याको अभ्यास गर्छौं
र द्रोणाचार्यका अन्य कुलीन
चेलाहरूभन्दा बढी कुशलता प्राप्त गर्छौं
तर हाम्रो कुशलतादेखि आश्चर्यचकित
र भयभीत भई

प्रत्येक पिंढीका द्रोणाचार्य हामीकहाँ आउँछ
र गुरुदक्षिणा माग्छ
र हामी सहर्ष उसको इसारामा
आफ्नो बूढी औंला काटेर उसलाई भेटी दिन्छौं
आफ्नो अस्तित्व मेटेर उसलाई समर्पित गर्छौं

प्रस्तुत गद्यांशमा अनुचित रूपबाट सम्बन्धको कल्पना गरिएकाले विषय अलङ्कार पर्नगएको हो । कहाँ त्यागी, परिश्रमी, लगनशील र दृढप्रतिज्ञ एकलव्य र कहाँ स्वार्थी, कपटी, ईर्ष्यालु द्रोणाचार्य । यहाँ कर्मशील एकलव्यले द्रोणाचार्यबाट धनुर्विद्याको ज्ञान नपाएपछि एकान्तमा निरन्तर साधना र अभ्यासद्वारा धनुर्विद्यामा कुशलता प्राप्त गरे । त्यो देखेर ईर्ष्याले भरिएका द्रोणाचार्यले गुरुदक्षिणाका रूपमा एकलव्यको औंला मागे । एकलव्यले पनि विना हिचकिचाहट आफ्नो औंला काटेर गुरुदक्षिणाका रूपमा दिए । यहाँ परस्पर विरोधी विचार भएका पात्रहरूको सम्बन्ध उचित देखिँदैन । यसरी यहाँ अनुचित सम्बन्ध भएका पात्रहरूका बीच घनिष्ट सम्बन्धको कल्पना गरिएकाले विषय अलङ्कार पर्नगएको छ भने सोझा लगनशील जनतालाई एकलव्यका रूपमा र दुष्ट स्वार्थी नेतृत्व वर्गलाई द्रोणाचार्यका रूपमा आरोप गरिएकाले रूपक अलङ्कार पनि पर्नगएको छ । यसप्रकार विषय तथा रूपक अलङ्कारका माध्यमबाट श्रमजीवि वर्गहरूको कारुणिक अवस्थामाथि प्रकाश पारिएको छ भने स्वार्थी पदलोलुप र अर्काको रगत पसिनामा मोज गर्नचाहने, अर्काको उन्नति र प्रगति नचाहने स्वार्थी नेतृत्ववर्गप्रति तीव्र आक्रोश व्यक्त गर्ने काम गरिएको छ ।

## असङ्गति अलङ्कार

सङ्गतिको अभावलाई असङ्गति भनिन्छ । यसमा कारण र कार्य बीच सङ्गति नमिलेको कुराको चमत्कारपूर्ण ढङ्गबाट वर्णन गरिएको हुन्छ । कार्य र कारण बीच स्वाभाविक सम्बन्ध हुनु पर्नेमा त्यसको परित्याग भई दुवैका बीच भिन्नाभिन्नै अवस्था सृजना हुनु र भिन्नै किसिमको प्रतिफल प्राप्त हुनु यसको पहिचान हो । वस्तुतः यसरी दुवैका बीचको स्वाभाविक सम्बन्ध परित्याग भई विरोधजस्तो देखिनुलाई नै असङ्गति अलङ्कार भनिन्छ ।

कवि भूपि शेरचनको 'हामी' कविताका विभिन्न गद्यांशहरूमा अलङ्गति अलङ्कारको प्रयोग भएको पाइन्छ । कार्य र कारण अलगअलग स्थानमा घटित हुँदा असङ्गति अलङ्कार हुन्छ । प्रस्तुत 'हामी' कवितामा काम गर्ने एउटा अलग वस्तु र त्यसको फल भोग्ने अर्को वस्तु अलग स्थान रहेको वर्णन गरिएका निम्नलिखित गद्यांशहरूमा असङ्गति अलङ्कार पर्नगएको देखिन्छ :

हामी द्रौडमा प्रथम हुन्छौं
र हाम्रो निधारले टीका थाप्छ
हामी द्रौडमा प्रथम हुन्छौं
र हाम्रो घाँटीले माला लाउछ
हामी द्रौडमा प्रथम हुन्छौं
र हाम्रो छातीले तक्मा टाँस्छ
हाम्रो टीका थाप्ने निधार अर्कै छ
हाम्रो माला लाउने घाँटी अर्कै छ
हाम्रो तक्मा टाँस्ने छाती अर्कै छ

हामी त फगत कसैको इसारामा
टेक्ने, हिड्ने र दगुर्ने पाइताला हौं ।

प्रस्तुत गद्यांशमा दौडने काम पाइतालाले गरेको छ । यहाँ दौडने कारणबाट प्रथम भएर पुरस्कार रूपी कार्य पाइतालाले प्राप्त नगरेर निधारले टीका थापेको छ, छातीले तक्मा टाँसेको छ र घाँटीले माला लाएर पुरस्कार प्राप्त गरेको हुनाले कार्यकारणको भिन्न देशत्वका आधारमा असङ्गति अलङ्कार पर्नगएको हो । यहाँ हामी भनेर पैतालामा हाम्रो आरोप गरिएको छ । त्यसैले यहाँ रूपक अलङ्कार पनि पर्नगएको छ । प्रस्तुत सन्दर्भमा असङ्गति अलङ्कारका माध्यमबाट नेपाली समाजको 'काम गर्ने कालु कमै खाने भालु' भन्ने उखान चरितार्थ भएको छ । नेपालमा जुन वर्गले दिनरात नभनी परिश्रम र मेहनत गर्छ, त्यस वर्गले कहिल्यै पनि परिश्रमअनुसारको फल प्राप्त गर्नसकेको छैन । काम गर्ने दिनरात नभनी परिश्रम गरिरहेको छ तर त्यसको उपभोग गर्ने वर्ग बसीबसी मोजमस्तीमा रमाइरहेको छ । देशको यही असमानतापूर्ण व्यवहारले दिनप्रतिदिन युवावर्ग विदेश पलायन हुँदै गएको वास्तविकतालाई असङ्गति अलङ्कारले अभिव्यक्त गरेको छ ।

## विरोधाभास अलङ्कार

कुनै पनि जाति, गुण, क्रिया, स्वरूप आदिका बीचमा विरोधको झझल्को भई सौन्दर्य उत्पन्न हुनु नै विरोधाभास अलङ्कारको मुख्य विशेषता हो । विरोध र आभास शब्दको योगबाट विरोधाभास शब्द व्युत्पन्न भएको देखिन्छ । कुनै पनि कुराको उल्टो अवस्था, भनाइ र गराइ नै विरोध हो । दुई वा सोभन्दा बढी वस्तुमा वास्तविक रूपमा विरोध नभए पनि विरोधको झझल्को हुनु विरोधाभास अलङ्कारको लक्षण हो । यस अलङ्कारमा वर्णन गरिएको वस्तुमा वास्तविक विरोध नभए पनि विरोधको आभास पाइन्छ । पहिले विरोध सत्य वा वास्तविकजस्तो प्रतीत भए पनि पछि त्यो असत्य वा अवास्तविक बन्दै जान्छ । भामहले गुण वा क्रियाका विरुद्ध अन्य क्रियाको वर्णनलाई विरोधाभास अलङ्कार मानेका छन् (ई.१९३८, पृ. २१) । आचार्य मम्मटले दुई वस्तुमा विरोध हुँदाहुँदै पनि वास्तविक विरोध नहुनु वा विरोधको आभास मात्र हुनु नै विरोधाभास अलङ्कार हुनु हो भनेका छन् (ई.१९८०, पृ.४३७) । यसर्थ विरोधाभास अलङ्कारमा वस्तुका बीचमा वास्तविक विरोध नभए पनि प्रथम अवस्थामा विरोधको आभास हुन्छ भने क्रमशः पछि त्यसको परिहार हुन्छ ।

कवि भूपि शेरचनको 'हामी' कविताका विभिन्न पद्यांशहरूमा विरोधाभास अलङ्कारको प्रयोग भएको पाइन्छ । हामी नेपालीहरूको कुनै अस्तित्व नभएको हो कि भन्ने विचार अभिव्यक्त गर्ने सन्दर्भमा प्रस्तुत निम्नलिखित पङ्क्तिहरूमा विरोधाभास अलङ्कारको प्रयोग भएको पाइन्छ :

हामी केही पनि वैनौं
र शायद त्यसैले केही वौं कि ्
हामी कतै पनि केही पनि छैनौं
र शायद त्यसैले कतै केही छौं कि ?
हामी बाँचिरहेका छैनौं
तर सायद त्यसैले पो बाँचिरहेका छौं कि ?

प्रस्तुत गद्यांशमा हामी नेपालीहरूको निस्क्रियता, अकर्मण्यता र गतिहीनता देखेर हामी छैनौं कि भन्ने आशङ्का व्यक्त गरिएको छ तर वास्तवमा हामी जिउँदै रहेका तथा तजातजै भएको थाहा पाएपछि त्यो विरोधको परिहार भएको छ । त्यसैले प्रस्तुत सन्दर्भमा विरोधाभास अलङ्कार पर्नगएको हो । विरोधाभास अलङ्कारको यस किसिमको प्रयोगले हामी हुनु र नहुनुमा खासै अन्तर नभएको विचार प्रस्तुत गरिएको छ ।

बाँचेर पनि केही गर्न नसक्ने निरिह र जिउँदो लास सरह बाँचेका हामी नेपालीहरूको कुनै मूल्य छैन । यसरी मूल्यहीन जीवन बाँच्नु मृत्युतुल्य हो भन्ने विचार विरोधाभास अलङ्कारका माध्यमबाट अभिव्यक्त भएको छ ।

## निष्कर्ष

कवि भूपि शेरचनको 'हामी' व्यङ्ग्यप्रधान कविता हो । प्रस्तुत कवितामा हामी सम्पूर्ण नेपालीहरूका खराब प्रवृत्तिहरूप्रति सटिक व्यङ्ग्य प्रहार गरिएको छ । नेपालीहरूलाई पानीका थोपाका रूपमा आरोप गरी हाम्रो वर्तमान अस्तित्व श्रणभङ्गुर भएको कुरा प्रस्तुत गरेका छन् भने हाम्रो आवाजलाई कोठाभित्र लुकेर भुक्ने कायर कुकुरको आवाजसँग तुलना गरिएको छ । हामी केवल ठूलाठुला गफमात्र गर्न सक्छौं, कुनै काम गर्न सक्दैनौं । हामी आपसमा कहिल्यै मिलेर काम गर्न नसक्ने, कसैले मिलाइदिँदामात्र मिल्ने र अघि बढ्ने चेतनाहीन पशुसरहको जीवन बिताइरहेका छौं भनी हाम्रो निस्क्रियता, अकर्मण्यता, पराधीनतामाथि तीव्र व्यङ्ग्य गरिएको छ । यो व्यङ्ग्य सर्वसाधारण नेपालीहरूका साथै राजनैतिक नेतृत्वप्रतिको घोर आक्रोश र वितृष्णा पनि हो । नेपाली समाजमा देखापरेको पराधीन मानसिकता र विदेशी शक्तिका सामु निरिह भई देशको ढिकुटीको साँचो सुम्पने राजनैतिक नेतृत्वप्रति कटु आलोचना गर्ने र सबैलाई कर्मशील बन्न अभिप्रेरित बन्ने काम यस कवितामा प्रस्तुत भएका अलङ्कारहरूले गरेका छन् । त्यसर्थ अलङ्कार प्रयोगकै कारण कवि भूपि शेरचनको 'हामी' सशक्त व्यङ्ग्यमूलक कविता बन्नपुगेको देखिन्छ ।

## सन्दर्भसूची


आनन्दवर्धन, (ई.२०००). *ध्वन्यालोक* (पुनर्मुद्रण). ज्ञानमण्डल लिमिटेड ।

गौतम, लक्ष्मणप्रसाद (२०६०). *समकालीन कविताको बिम्बपरक विश्लेषण.* साझा प्रकाशन ।

दण्डी (२०६०). *काव्यादर्श.* जमुना पाठक (व्याख्याकार). कृष्णदास अकामदी ।

बन्धु, चूडामणि (२०२४/२०४९). (सम्पा.) *साझा कविता (पाँ.संस्क.).* साझा प्रकाशन ।

बराल, कृष्णहरि (२०५७). *कवि भूपि विश्लेषण र मूल्याङ्कन.* दोभान प्रकाशन ।

भरत (ई.१९८३). *नाट्यशास्त्रम्.* विद्याभूषण केदारनाथ (सम्पा.).चौखम्बा संस्कृत संस्थान ।

भामह (ई.१९३८). *काव्यालङ्कार* (द्वि.संस्क.). चौखम्बा संस्कृत संस्थान ।

मम्मट (ई. १९८०). *काव्यादर्श.* आचार्य शिवराज कौडिन्यायन (व्याख्याकार). मोतीलाल वनारसीदास ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६०). *कविता सिद्धान्त र नेपाली कविताको इतिहास.* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

वामन (२०४७). *काव्यालङ्कारसूत्राणि* (पञ्चम संस्क). चौखम्बा संस्कृत संस्थान ।

विश्वनाथ (ई.१९७७). *साहित्यदर्पण.* मोतीलाल वनारसीदास ।

शर्मा, गोपीकृष्ण (२०४९). नेपाली गद्य कविताको भाषा. भित्र. *काव्य समालोचना.* सम्पा. नरेन्द्र चापागाई र दधिराम सुवेदी. पूर्वाञ्चल साहित्य प्रतिष्ठान ।

शर्मा, तारानाथ (२०५१). *नेपाली साहित्यको इतिहास.* नवीन प्रकाशन ।